# हुलाक वस्तु वितरणका लागि गुगल प्लस कोड प्रयोगसम्बन्धी कार्य-संचालन प्रक्रिया, २०७७

**(Standard Operating Procedures)**

__प्रस्तावना:__ नेपालको हुलाक व्यवस्थाले विद्यमान सूचना प्रविधि अनुरुप गुणस्तरीय सेवा दिने राष्ट्रिय नीति अनुसार कार्य गर्न, हुलाकको विद्यमान पोस्टल कोड पद्धतिलाई थप टेवा दिन तथा अव्यवस्थित शहरी क्षेत्रमा समेत हुलाक वस्तुहरु सम्बन्धित व्यक्ति तथा संस्थालाई तोकिएको स्थानमा सही समयमा हस्तान्तरण गर्न र सार्वजनिक सेवा प्रवाहलाई सरल एवं सुनिश्चित गर्नका लागि घर-ठेगाना पद्धतिमा गुगल प्लस कोड प्रणालीलाई स्वीकार गर्न वान्छनीय देखिएकोले,

संचार तथा सूचना प्रविधि मन्त्रालयले यस कार्य-संचालन प्रक्रिया बनाई लागू गरेको छ ।

१. __संक्षिप्त नाम र प्रारम्भ:__ (१) यस कार्य-संचालन प्रक्रियाको नाम 'गुगल प्लस कोड कार्य-संचालन प्रक्रिया, २०७७' रहेको छ ।

(२) यो कार्यसंचालन प्रक्रिया तुरुन्त प्रारम्भ हुनेछ ।

२. __परिभाषा:__ विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य-संचालन प्रक्रियामा,

(क) 'गुगल प्लस कोड' भन्नाले अमेरिकाको बहुराष्ट्रिय प्रविधि कम्पनी गुगलले संचालनमा ल्याएको गुगल म्याप्स एप्लिकेशनमा आधारित जीपीएस प्रणालीको लोकेशन कोड पद्धति सम्झनुपर्छ ।

(ख) 'हुलाक वस्तु' भन्नाले हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३ अनुसारका चिठ्ठी-पत्र, पार्सल लगायतका हुलाक वस्तु सम्झनु पर्छ ।

(ग) 'प्रापक' भन्नाले सेवाग्राही वा हुलाकवस्तुको प्रापक सम्झनुपर्छ ।

(घ) 'प्रेषक' भन्नाले हुलाकवस्तुको प्रेषक सम्झनुपर्छ ।

३. __गुगल प्लस कोडको प्रयोग:__ (१) राज्यका सबै हुलाक सेवा प्रदान गर्ने कार्यालयहरुले गुगल प्लस कोड पद्धतिअनुसार विद्युतीय माध्यमबाट पनि प्रापकको यकिन ठेगाना पहिचान गरी हुलाक सेवाहरु वितरण गर्नुपर्नेछ ।

(२) हुलाक वस्तुमा प्रेषकले अंकित गरेको प्लस कोड सम्बन्धित सेवादाता कर्मचारीले मोबाइल फोनमा रहेको गुगल म्याप्स एपमा वा जीपीएस ट्र्याक गर्ने डिभाइसमार्फत् सही स्थान पहिचान गरी प्रापकको प्लस कोड अंकित घर-ठेगानामा प्रक्रियासंगत रूपमा वितरण गर्नुपर्नेछ ।

(३) प्रेषकले अंकित गरेको प्लस कोड र सो वरिपरिको नजिकको परिधिमा समेत हुलाक वस्तुमा सम्बोधित व्यक्ति वा संस्था नभेटिई हुलाक वस्तु वितरण हुन नसक्दा मात्र त्यो हुलाक वस्तु वाहकले सम्बन्धित कार्यालयमा यथाशीघ्र फिर्ता ल्याएर बुझाउनु पर्नेछ ।

(४) वितरण हुन नसकी यसरी फिर्ता आएको वस्तु प्रेषकले आफ्नो प्लस कोड ठेगाना अंकित गरेको अवस्थामा वा स्पष्ट रूपमा पुग्न सकिने गरी ठाउँ-ठेगाना राखी पठाएको अवस्थामा हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३ अनुसार प्रेषकलाई नै फिर्ता पठाउनु पर्नेछ ।

(५) यो सेवामा आबद्ध हुने सबै सार्वजनिक कार्यालयहरुले आफ्नो प्लस कोड जेनेरेट गरी कार्यालयको नाम अंकित बोर्डमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

(६) निजी संस्थाहरुको हकमा आफ्नो ठेगाना अन्तर्गत प्लस कोड अंकित बोर्ड सर्वसाधारण तथा सेवाग्राहीले देख्नेगरी राख्न सक्नेछन् ।

(७) निजी व्यक्तिहरुले आफ्नो कोड जेनेरेट गरी स्वयम् वा स्थानीय टोल सुधार समिति वा स्थानीय निकायको सहजीकरणमा आफ्नो घर वा संरचना बाहिर सेवाप्रदायक तथा अन्य सर्वसाधारणले स्पष्ट देखेगरी कोड-अंकित सानो प्लेट टाँस गर्न सक्नेछन् ।

(८) यस्तो कोड राखिने प्लेटलाई सबैतिर एकरूपता कायम गर्न निलो रंगमा सेतो अक्षरले केही टाढाबाट पनि सहजै पढ्न सकिने गरी लेखेर राख्न सकिनेछ ।

(९) यो कोड व्यवस्थाले लोकेशनको ट्रयाकिंगलाई आधार मान्ने हुँदा ठेगाना सही रूपमा प्राप्त गर्न तथा एकरूपता समेत कायम गर्नका लागि प्लस कोड आफ्नो भौतिक संरचनाको प्रवेशद्वारलाई आधार मानी जेनेरेट गर्नुपर्नेछ ।

(१०) एकै घरमा धेरैजना भाडा बस्नेहरुको बसोबास रहेको अवस्थामा घरबेटीको घरको प्रवेशद्वारलाई आधार बनाउन सकिनेछ । उक्त घरसम्म पुगेपछि हुलाक वस्तु वाहकले नाम सोधेर वस्तु सम्बोधित व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ ।

(११) एकै ठाउँमा ठूलो अपार्टमेन्टमा बस्ने सेवाग्राहीलाई एकै कोडको आधारमा एकै स्थानमा पनि हुलाक वस्तु वितरण गर्न सकिनेछ । अपार्टमेन्टको व्यवस्थापन समूहले भूईंतल्लामा पिजन होल वा अन्य विधिमार्फत् हुलाक वस्तु सम्बन्धित व्यक्तिसम्म पुर्याउन सक्नेछ । सम्बन्धित फ्ल्याटमा नै हुलाक वस्तु पुर्याउनुपर्दा प्लस कोड थप नजिक पुग्न सक्नेगरी उपलब्ध भएको अवस्थामा व्यक्तिको ढोकामा नै पुगेर वस्तु वितरण गर्न सकिनेछ ।

४. <u>प्लस कोड प्रविधि प्रयोग शुल्क, स्थानीय साझेदारी तथा अन्य सार्वजनिक सेवा प्रवाह:</u> (१) यो प्रविधि प्रयोग गर्दा सेवाप्रदायक वा सेवाग्राहीले कुनै किसिमको अतिरिक्त शुल्क तिर्नुपर्ने छैन ।

(२) यस प्रविधिको सहज कार्यान्वयन गर्न तथा विविध प्रकारका सेवाहरु प्रवाह गर्न सम्बन्धित स्थानीय सरकारहरुसंगसमेत आवश्यक सहकार्य गर्न सकिनेछ ।

(३) हुलाक वस्तु वितरणका अतिरिक्त गुगल प्लस कोड प्रयोग गरी सम्पन्न गर्न सकिने अन्य सबै प्रकारका सार्वजनिक सेवाहरु पनि प्रदान गर्न सकिनेछ ।